"Let All The Private And Boarding Schools Be United"

# निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल
# PRIVATE & BOARDING SCHOOLS' ORGANIZATION NEPAL
## (PABSON)
## CENTRAL EXECUTIVE COMMITTEE

Regd. No. 203/2047/2048

Ref.No.47/074

Date: 2074/3/26

श्रीमान् ......................................................................ज्यू,

...........................................................................

...........................................................................

**विषय : टेलिभिजन कार्यक्रमको सदस्यता बनि व्यवसाय प्रबर्द्धन गर्ने वारे ।**

महोदय,

प्रस्तुत विषयमा नेपालको शिक्षा क्षेत्रमा अत्यन्तै महत्वपूर्ण योगदान पुऱ्याइरहेको निजी विद्यालयहरुको छाता संगठन प्याब्सन र सदस्य विद्यालयहरुका शैक्षिक, सामाजिक, आर्थिक गतिविधि, समाज रुपान्तरण र गुणात्मक शिक्षा र खेलकुदको विकासमा पुऱ्याएको योगदान, नेपाल सरकार तथा मातहतका निकायद्वारा जारी नीति नियम र तीनको व्यवहारिक पक्षको विष्लेषण, अन्तर्राष्ट्रिय जगतमा अन्वेषित शिक्षाका नविन आयाम, विधि र पद्धति, नेपालमा गुणात्मक एवं व्यवहारिक शिक्षाको विकासमा निजी-सरकारी साझेदारी, दायित्व र सरकारको भूमिकामा सम्बन्धित विषयहरुलगायत आम अभिभावक, विद्यार्थी, संस्थापक प्रिन्सिपल, शिक्षाविद्हरुको दृष्टिकोणहरु आम जनमानसमा पुऱ्याउने उद्देश्यसहित ICID (Institute of Communication, Information and Development Pvt. Ltd) सँगको सहकार्य र प्याब्सनको निर्माणमा **शिक्षा दर्पण** नामक साप्ताहिक टेलिभिजन कार्यक्रम प्रतिष्ठित संचार माध्यम **न्यूज** 24 र **अरनिको टेलिभिजन**मार्फत संचालन गर्न गइरहेको व्यहोरा सहर्ष अवगत गराउँदछु ।

यसै सन्दर्भमा विशेषतः प्याब्सन तथा सदस्य विद्यालयहरुमाथि केन्द्रित रहने यस कार्यक्रमप्रति यहाँले जनाउनुहुने नैतिक एवं भौतिक सहयोग र समर्थनले यसको प्रभावकारिता र महत्व अझ उच्च हुनेछ र यहाँको कुशल व्यवस्थापनमा संचालित शैक्षिक संस्थाको प्रतिष्ठा र व्यवसायिक सेवा प्रवाहमा समेत थप विस्तार हुनेछ भन्ने अपेक्षासहित यस टेलिभिजन कार्यक्रमको सदस्यता लिइ हौसला प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रमसँग सम्बन्धित विवरण तपसिल बमोजिम रहेको छ ।

(राजेन्द्र वानियाँ)
**महासचिव**
प्याब्सन केन्द्रीय कार्यसमिति

(विजय सम्बाहाम्फे)
**अध्यक्ष**
प्याब्सन केन्द्रीय कार्यसमिति

**टेलिभिजन कार्यक्रमका विशेषता :**

- ☛ यो कार्यक्रमको नाम शिक्षा दर्पण हुनेछ र उत्पादक तथा निर्माता प्याब्सन स्वयं हुनेछ ।
- ☛ यो कार्यक्रम हरेक हप्ताको शनिवार विहान ८:३० देखि ९:३०, ११:३० देखि १२:०० बजेको समयमा न्यूज 24 मार्फत र साँझ ६:३० देखि ७:००, १०:३० देखि ११:०० बजे अरनिको टेलिभिजनमार्फत प्रसारण गरिने छ ।
- ☛ यो कार्यक्रम अवलोकन गर्न देशैभरिका सदस्य विद्यालय, आम विद्यार्थी, अभिभावक तथा आम नागरिक समाजलाई सुसूचित गराइएको छ ।

**सदस्य विद्यालय/कलेजले प्राप्त गर्ने सुविधा निम्नानुसार हुनेछ :**

- सदस्य हुने विद्यालय/कलेजको १ वटा भिजुअल प्रोफाइल निर्माण गरि प्रसारण गरिने ।
- यस कार्यक्रमले आयोजना गरेको अन्तरवार्ता एवं छलफलमा संस्थापक एवं प्रिन्सिपल सहभागि गराइने ।
- नयाँ बर्षमा शुभकामना सन्देश प्रसारण
- दशैमा शुभकामना सन्देश प्रसारण
- नयाँ शैक्षिक सत्रमा भर्ना विज्ञापन प्रसारण (१५ दिन)
- अभिभावक दिवसको समाचार बनाइ प्रसारण

**सदस्य विद्यालय/कलेजको दायित्वः**

- ☛ सदस्य विद्यालय तथा कलेजले सदस्यता वापतरु. ६०,०००।-(अक्षेरुपी साठी हजार) भूक्तान गर्नुपर्नेछ ।
- ☛ सदस्यता वापतको रकम एकमुष्ठ बुझाएमा कुल रकमको १५% छुट प्राप्त गर्न सकिने छ ।
- ☛ सदस्यता वापतको रकम किस्तावन्दीमा पनि तपसिल बमोजिम बुझाउन सकिनेछ ।
  - प्रथम किस्ता वापत उल्लेखित रकमको ३०% सदस्यता लिदा भूक्तान गर्न सकिने ।
  - दोस्रो किस्ता वापत उल्लेखित रकमको ४०% असोज मसान्त भित्र भूक्तान गर्न सकिने ।
  - तेस्रो वा अन्तिम किस्ता वापत उल्लेखित रकमको ३०% पौष मसान्तभित्र भूक्तान गर्न सकिने ।

**विद्यालय/कलेजको मञ्जुरीनामा :**

प्याब्सनद्वारा उत्पादित उल्लेखित टेलिभिजन कार्यक्रमको सदस्यता लिइ आवश्यक सहकार्य गर्न म .............................. संस्थापक, निर्देशक/प्रिन्सिपलको तर्फबाट प्रतिवद्धतासहित मञ्जुर छु ।

नाम : ..................................................
विद्यालय/कलेज : ..................................................
ठेगाना : ..................................................  इमेल : ..................................................
टेलिफोन :
मिति :
दस्तखत :
संस्थाको छाप :